जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक २६० २०८० साल जेठ ६ गते शनिबार (20 May 2023 Saturday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

**हावाहुरीबाट बचौं र बचाऔं**

- ➢ घरको संरचना बलियो बनाऔं,
- ➢ हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- ➢ छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- ➢ छतका गमला सुरक्षित रुपमा राखौं,
- ➢ जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं,
- ➢ हावाहुरी चलेमा भागदौंड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- ➢ सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- ➢ हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

**जनहीतका लागि**

*यस अंक भित्र :* २ पृष्ठमा : भूटानसँग पाँच वर्षमा रु एक खर्ब ३ पृष्ठमा : राष्ट्रपतिद्वारा संसद्मा सरकारेका. ३ पृष्ठमा : अमेरिकी प्रतिबन्धले महिला..

# झुठ्ठा विवरण पेश गरी नागरिकता दिएको प्रकरण प्रशासकिय अधिकृत रामलाई धरौटीमा छाड्ने आदेश




**दैनिक समाचारदाता**
**राजविराज, ५ जेठ ।**

झुठ्ठा विवरण पेश गरी नेपाली नागरिकता दिएको प्रकरणमा जोडिएका जिल्ला प्रशासन कार्यालय सप्तरीका प्रशासकिय अधिकृत किशोर कुमार राम शुक्रवार ५० हजार धरौटी बुझाएका छन् । सो धरौटी बुझाएपछि उनी पक्राउबाट जोगिएका छन् ।

उनी सहित सो प्रकरणमा २६ जना विरुद्ध सप्तरी जिल्ला अदालतले गत बैशाख ३१ गते पक्राउ पुर्जी जारी गरेको थियो ।

राम स्वयम् अदालतमा हाजिर भएपछि भएको थुनछेक बहस पश्चात न्यायाधिश हरिशचन्द्र इंङ्गनामको इजलासले ५० हजारको धरौटीमा रिहा गर्ने आदेश जारी गरेको हो ।

योसँगै उक्त प्रकरणका ५ जना आरोपि धरौटी बुझाएर हाल सम्म मुक्त भएका छन् भने २१ जना अझै फरार छन् ।

२०७९ साल फागुन २१ गते जिल्ला प्रशासन कार्यालय सप्तरीबाट सुर्य नारायण यादवको छोरा सतिष यादवको नेपाली नागरिकता जारी भएकोमा सतिष यादव सूर्यनारायण यादवको छोरा नभएको र झुठ्ठा विवरण पेश गरी नागरिक्ता दिइएको भन्दै दर्ता भएको अभियोग पत्रमा अधिकृत राम समेत प्रतिवादि रहेका छन् ।

नागरिक्ता जारी भएका बेला प्रशासकिय अधिकृत राम जिल्ला प्रशासन कार्यालय सप्तरीमा कार्यरत थिए । हाल उनी विष्णुपुर गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत पदमा वहाल छन् । उनी केही दिनअघि मात्र विष्णुपुर गाउँपालिकामा सरुवा भई सो जिम्मेवारी प्राप्त गरेका छन् । उनले यो प्रकरणमा आफ्नो कुनै संलग्नता नरहेको तथा अनाहकमा आफ्नो नाम जोडिएको दावी गर्दै आएका छन् ।

अदालतका श्रेस्तेदार कुमार मास्केका अनुसार उक्त प्रकरणका आरोपि २६ जना मध्ये राजविराज नगरपालिका ११ का वडा अध्यक्ष उदित नारायण यादव, झुठ्ठो विवरण पेश गरी नागरिक्ता लिएका सतिष र उनका बुवा दावि गरिएका सूर्यनारायण यादव जनही १/१ लाख तथा स्थानीयवासी राधेश्याम यादव २५ हजार धरौटी बुझाएर रिहा भइसकेका छन् ।

# भन्सार छलेको तीन सय ८५ काटुन स्याउ बरामद

**दैनिक समाचारदाता**
**राजविराज, ५ जेठ ।**

सप्तरी प्रहरीले जिल्लाको बलानबिहुल गाउँपालिका ४ बेल्हीस्थित एक घरमा भण्डारण गरि राखिएको ३ सय ८५ काटुन स्याउ बरामद गरेको छ ।

स्थानिय ३५ वर्षिय सन्तोष यादवको पक्की घरमा सटर भित्र भन्सार छलि गरी अवैध रुपमा स्याउको काटुनहरू राखिएको गोप्य सुचनाको आधारमा प्रहरीले छापा मारी उक्त स्याउ बरामद गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

प्रहरीका अनुसार ३ सय ८५ काटुन स्याउ ७ हजार ७ सय किलो रहेको र सोको बजार मुल्य १९ लाख २५ हजार रहेको तथा बरामद गरिएको स्याउ भन्सार कार्यालय तिलाठीमा बुझाइएको छ ।

# ठक्कर दिएर मोटरसाइकल चालक फरार

**दैनिक समाचारदाता**
**राजविराज, ५ जेठ ।**

राजबिराज नगरपालिका ८ नापी शाखा छेउमा बिहीबार मोटरसाइकलले पैदल यात्रीलाई ठक्कर दिई फरार भएको छ ।

स.५प.९२९५ को मोटरसाइकलले पैदलयात्री जिल्लाको रुपनी गाउँपालिका ५ बस्ने ६५ वर्षिय बिश्वनाथ प्रसाद यादबलाई ठक्कर दिएको हो । ठक्करबाट यादवको ढाडमा चोट लागेकोले गजेन्द्र नारायण सिंह अस्पताल राजबिराजमा उपचार गराई थप उपचारका लागि धरान घोपातर्फ पठाएको प्रहरीले जनाएको छ ।

ठक्कर दिएर फरार रहेको मोटरसाइकल चालकको खोज तलास कार्य भईरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# टाइफाइडबाट बच्न सरसफाइमा ध्यान दिन मन्त्रालयको आग्रह

काठमाडौँ, ५ जेठ (रासस) ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले टाइफाइड रोगबाट बच्नका लागि सरसफाइमा ध्यान दिन आग्रह गरेको छ ।

मन्त्रालयका सहप्रवक्ता डा समिरकुमार अधिकारीले फोहर गर्दा टाइफाइड लाग्ने भएकाले सरसफाइमा ध्यान दिन सबैलाई आग्रह गरिएको बताउनुभयो ।

"ढल वा सङ्क्रमित व्यक्तिको दिसामा पाइने टाइफाइड रोगको जीवाणु स्वस्थ व्यक्तिमा दूषित खाना वा पानीको माध्यमबाट सर्दछ", उहाँले भन्नुभयो, "त्यसैले टाइफाइड रोगबाट बच्ने मुख्य उपाय भनेको व्यक्तिगत सरसफाइ र वातावरण स्वच्छ राख्नु हो ।"

मन्त्रालयले सफा चर्पीको प्रयोग गर्ने र बच्चाको दिसा चर्पीमा फाल्ने, बेला-बेलामा साबुनपानीले मिचीमिची हात धुने, राम्ररी पकाएको र सधैँ छोपेर राखेको खानामात्र खाने गर्नुपर्दछ । यस्तै बासी, सडेगलेको र झिङ्गा भन्केको खाना कहिल्यै नखाने र पानीलाई उमालेर, फिल्टर गरेर वा क्लोरिन ताबेल प्रयोग गरी सफा र सुरक्षित पानी पिउने गर्न समेत मन्त्रालयले आग्रह गरेको छ ।

# पूर्व प्राथमिक तहका पाठ्यपुस्तक स्वीकृति लिएर पठनपाठन गराउन निर्देशन

काठमाडौँ, ५ जेठ (रासस) ।

पाठ्यक्रम विकास केन्द्र सानोठिमीले पूर्व प्राथमिक तहका पाठ्यपुस्तक स्वीकृति लिएर मात्र पठनपाठन गराउन निर्देशन दिएको छ । एक सूचना जारी गरेर केन्द्रले पाठ्यपुस्तकको गुणस्तर कायम गरी एकरुपता कायम गर्ने उद्देश्यले स्वीकृतिपछि मात्रै पठनपाठन गराउन निर्देशन दिएको हो ।

गएको वैशाख २० गते बसेको राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्को बैठकले विद्यालय तहका अन्य पाठ्यसामग्रीसरह पूर्व प्राथमिक तहमा प्रयोग हुने पाठ्यसामग्री पनि मूल्याङ्कन गरेर स्वीकृति गर्ने निर्णय गरेको थियो । सोही आधारमा पाठ्यक्रम विकास केन्द्रले आगामी शैक्षिकसत्र २०८१ देखि पूर्वप्राथमिक तहमा प्रयोग हुने पाठ्यसामग्री केन्द्रमा पेस गरी मूल्याङ्कन गरेर स्वीकृत पाएपछि मात्र छपाइ तथा बिक्री वितरण गर्न निर्देशन दिएको हो ।

यसअघि पूर्व प्राथमिक तहमा केन्द्रको मूल्याङ्कनबिना नै पाठ्यसामग्री प्रयोग हुँदै आएको जनाइएको छ । यसअघि प्रयोगमा आइसकेका पाठ्यसामग्रीसमेत मूल्याङ्कनका लागि पेस गर्न र स्वीकृति भएपछि मात्र प्रयोगमा ल्याउन केन्द्रले अनुरोध गरेको छ ।

पाठ्यसामग्री मूल्याङ्कनका लागि पेस गर्ने सम्बन्धी विषय र प्रक्रिया सम्बन्धमा पुनः सूचना प्रकाशित गरी जानकारी गराइने केन्द्रले जनाएको छ । सरकारले सबै तहको पाठ्यपुस्तकको गुणस्तर कायम गरी एकरुपता कायम ल्याउने भन्दै अन्य तहमा केन्द्रले बनाएको पाठ्यसामग्री प्रयोग हुँदै आएको छ ।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**शम्भुनाथ नगरपालिका, सप्तरी**

# अर्थतन्त्रमा निजी क्षेत्र : ३२ गुणाले बढे व्यवसाय

काठमाडौँ, ५ जेठ (रासस) । नेपालको कुल गार्हस्थ्य (जीडीपी) उत्पादनमा निजी क्षेत्रको हिस्सा ८१ दशमलव ५५ प्रतिशत रहेको एक अध्ययनले देखाएको छ ।

नेपाल उद्योग वाणिज्य महासङ्घले अन्तर्राष्ट्रिय वित्त निगम ( आईएफसी)को सहायतामा तयार पारेको अध्ययन प्रतिवेदन बिहीबार साँझ एक कार्यक्रमका बीच उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री रमेश रिजालले सार्वजनिक गर्नुभयो । मन्त्री रिजालले औपचारिक रूपमा पहिलो पटक मुलुकको अर्थतन्त्रमा निजी क्षेत्रको अवस्थितीको बारेमा अध्ययन गरी प्रतिवेदन सार्वजनिक गरेकोमा धन्यवाद दिनुभयो ।

सन् २०१२/१३ मा निजी क्षेत्रको योगदान ८६ दशमलव ६७ प्रतिशत थियो । कोरोना महामारी, भूकम्पलगायतका कारणले अर्थतन्त्रमा समस्या देखिँदा निजी क्षेत्रको योगदान कम भएको अध्ययनले देखाएको छ । भूकम्प र कोरोना महामारीको समयमा सरकारी लगानी बढेको र निजी क्षेत्रको योगदान कम भएको देखिएको हो । प्रतिवेदन राष्ट्रिय तथ्याङ्क कार्यालयको सहयोगमा तयार पारिएको हो ।

प्रतिवेदन अनुसार पछिल्लो ३० वर्षमा अर्थतन्त्रमा निजी क्षेत्रका कम्पनी ३२ गुणाले बढेका छन् । सन् १९८३ मा कुल २८ हजार ६६० व्यवसाय सञ्चालनमा रहेकोमा सन् २०१८ मा आइपुग्दा व्यवसायको सङ्ख्या ३० गुणाले बढेर नौ लाख २३ हजार ३५६ पुगेको छ ।

रोजगारी प्रदानका हिसाबले पनि निजी क्षेत्र सबैभन्दा अगाडि देखिएको छ । निजी क्षेत्रले ८५ दशमलव छ प्रतिशत हिस्सा ओगटेको छ । जसमा कृषि, वन तथा मत्यपालन क्षेत्रमा ५७ प्रतिशत, थोक तथा खुद्रा व्यापार तथा सवारी मर्मतमा गरी १२ दशमलव पाँच प्रतिशतले रोजगारी पाएको नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले बताउनुभयो ।

उहाँका अनुसार निजी क्षेत्रले करिब ५५ लाख रोजगारी उपलब्ध गराएकोमा सरकारले चार लाख २७ हजार रोजगारी उपलब्ध गराएको छ ।

कार्यक्रममा अध्यक्ष ढकालले अर्थतन्त्रको विकासका लागि निजी क्षेत्रले पूर्ण क्षमतामा काम गर्नका लागि संरचनागत सुधारको आवश्यकता रहेको बताउनुभयो । साथै सरकारले पुँजीगत खर्च पनि बढाउनुपर्नेमा उहाँको जोड थियो । उहाँले आगामी आर्थिक वर्ष २०८०/८१ को बजेटमा लगानीका क्षेत्र बिस्तार, दिगो विकास, निजी सार्वजनिक क्षेत्र साझेदारीलगायतका विषय सरकारलाई सुझाव समेत दिनुभयो ।

# भूटानसँग पाँच वर्षमा रु एक खर्ब व्यापार घाटा

झापा, ५ जेठ (रासस) । पछिल्लो पाँच वर्षमा नेपालले भूटानसँग रु एक खर्ब २६ अर्ब ८३ करोड ८३ लाख ३७ हजार व्यापार घाटा बेहोरेको छ । बङ्गलादेशपछि भूटान नेपालको नजिक दूरीमा रहेको मुलुक हो । पूर्वीनाका काँकडभिट्टाबाट नेपालसँग भूटान र बङ्गलादेशको व्यापारिक कारोबार हुँदै आएको छ ।

मेची भन्सार कार्यालय काँकडभिट्टाका सूचना अधिकारी पूर्णप्रसाद लम्सालका अनुसार आर्थिक वर्ष २०७५/७६ देखि चालु आव २०७९/८० को वैशाख मसान्तसम्ममा काँकडभिट्टा नाका भएर भूटानबाट रु एक खर्ब ७७ अर्ब ५९ करोड ७५ लाख ४० हजार मूल्य बराबरको मालसामान नेपालमा आयात भएको छ ।

सोही अवधिमा नेपालबाट भूटानतर्फ निर्यात भने रु ५० अर्ब ७५ करोड ९२ लाख तीन हजार मूल्य बराबरको मात्र भएको छ । पाँच वर्षको तथ्याङ्क विश्लेषण गर्दा नेपाल र भूटानबीचको व्यापारमा नेपालले निर्यातको तुलनामा तीन गुणाभन्दा धेरै मालसामान आयात गरेको देखिन्छ ।

**पाँचै वर्ष व्यापार घाटा**

मेची भन्सार कार्यालयका अनुसार आव २०७५/७६ मा भूटानसँगको व्यापार घाटा रु एक अर्ब ४२ करोड ९६ लाख ५३ हजार थियो । आव २०७६/७७ मा रु ९९ करोड ३२ लाख २८ हजार, आव २०७७/७८ मा रु ६१ करोड ४२ लाख ७३ हजार, आव २०७८/०७९ मा रु ९० करोड ८१ लाख ४१ हजार र आव २०७९/८० मा रु ७९ करोड ४५ लाख दुई हजार व्यापार घाटा रहेको छ ।

भूटानबाट नेपालले सिमेन्टमा प्रयोग हुने कच्चा पदार्थ जिप्सम आयात गर्दै आएको छ । त्यसैगरी नेपालबाट भूटानतर्फबाट सबैभन्दा धेरै फलाम र फलामबाट बनेको मालसामान निर्यात हुँदै आएको छ ।

चालू आवको दश महिनामा भूटानबाट रु एक अर्ब १३ करोड ३९ लाख ३८ हजार मूल्य बराबरको जिप्सम आयात भएको छ । सोही अवधिमा नेपालबाट फलाम र फलामबाट बनेका मालसामान रु तीन अर्ब ७० करोड ३७ लाख ३५ हजार मूल्य बराबरको निर्यात भएको छ ।

**पर्यटक धेरै**

पूर्वीनाका काँकडभिट्टाबाट प्रवेशाज्ञा (भिसा) लिएर नेपाल प्रवेश गर्ने पर्यटकमा भूटानी नागरिकको सङ्ख्या सबैभन्दा धेरै छ । सन् २०२० को जनवरीदेखि सन् २०२३ को अप्रिलसम्मको साढे तीन वर्षमा काँकडभिट्टा नाकाबाट प्रवेशाज्ञा लिएर कूल एक हजार नौ सय १४ जना तेस्रो मुलुकका पर्यटक नेपाल प्रवेश गरेकामा एक हजार सात सय १८ जना भूटानी नागरिक नै भएको अध्यागमन कार्यालय काँकडभिट्टाका प्रमुख रेवन्त भट्टराईले बताउनुभयो ।

सन् २०२० मा एक जनामात्र भूटानी पर्यटक काँकडभिट्टा नाकाबाट नेपाल प्रवेश गरेका थिए । तर सन् २०२१ मा यो सङ्ख्या बढेर १५ पुग्यो भने सन् २०२२ मा पाँच सय १९ र सन् २०२३ को हालसम्ममा यो सङ्ख्या अझ बढेर एक हजार एक सय १८ जना पुगिसकेको छ ।

भूटानी नागरिक आफन्त भेटघाट र तीर्थयात्राका लागि नेपाल आउने गरेको पाइएको छ । काँकडभिट्टाबाट भारतको पश्चिम बङ्गाल हुँदै भूटानको सीमा फुन्चोलिङसम्म मोटर बाटोको दूरी मात्र एक सय ७२ किमी छ ।

# अस्पतालको शचयाबारे वेबसाइटमा राख्न स्वास्थ्यमन्त्रीको निर्देशन

काठमाडौँ, ५ जेठ (रासस) । स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री मोहनबहादुर बस्नेतले अस्पतालले दैनिकरूपमा शचया उपलब्ध छ वा छैन भन्ने जानकारी अनिवार्यरूपमा वेबसाइटमार्फत उपलब्ध गराउन निर्देशन दिनुभएको छ ।

शुक्रबार मन्त्रालयमा पत्रकार सम्मेलनमा स्वास्थ्यमन्त्री बस्नेतले सङ्घीय अस्पतालले सामान्य र आकस्मिक शचयामा भर्ना भएका र रिक्त शचयाको सङ्ख्या वेबसाइटमा दैनिकरूपमा अध्यावधिक गर्न निर्देशन दिनुभएको हो ।

उहाँले भन्नुभयो, "ठूलो पदमा भएका वा पहुँच भएकाले तत्कालै सहजै शचया पाउने तर पहुँच नभएका बिरामीले नपाउने अवस्था छ । काठमाडौँमा अस्पतालको शचयाको खोजीमा हिँड्दा हिँड्दाहिँड्दै बिरामी मृत्युसम्म हुने गरेको छ", उहाँले भन्नुभयो, "सबै बिरामीको पहुँच र समय व्यवस्थापनका लागि अस्पतालले सात दिनभित्र अनिवार्यरूपमा शचयामा भर्ना र रिक्त सङ्ख्याबारे वेबसाइटमा जानकारी राख्नुपर्छ ।"

अस्पतालमा भीड व्यवस्थापन र सहजीकरणका लागि सङ्घीय अस्पतालमा बहिरङ्ग सेवामा अनलाइन टिकटको व्यवस्था १५ दिनभित्र गर्न निर्देशन दिनुभएको छ । मन्त्री बस्नेतले वैदेशिक भ्रमणलाई वैज्ञानिक र व्यवस्थित बनाउन निर्देशन दिनुभयो ।

उहाँले चालु आर्थिक वर्षभित्र भ्रमण भएका कर्मचारीको नामावली, सहयोगी निकाय र भ्रमणको उपलब्धिबारे विवरण माग गर्नुभयो । "विदेश भ्रमण मन्त्रालयमा रोगकारूपमा देखिएको छ । दुर्गममा खटिएका व्यक्ति कहिले अवसर नपाउने तर विषयविज्ञका नाममा पटक-पटक विदेश भ्रमणमा जाने देखिएको छ", उहाँले भन्नुभयो ।

सकेसम्म वैदेशिक भ्रमण कम गर्ने र जानैपरे औचित्य पुष्टि गरेर मात्र स्वीकृत दिने उहाँको भनाइ छ । मन्त्री बस्नेतले मन्त्रिस्तरीय निर्णयअनुसार गठित अस्पताल उपकरण व्यवस्थापनसम्बन्धी अनुगमन समितिको निष्कर्षका आधारमा समेत निर्देशन दिनुभयो ।

दुई वर्षसम्म प्रयोग नभएका वा हुन नसकेका स्वास्थ्य सामग्री र उपकरण फिर्ता लिने र आवश्यकताअनुसार अन्य अस्पतालमा वितरण गर्न उहाँको निर्देशन छ ।

जनशक्ति र स्थान नभएका अस्पतालका लागि उपकरण खरिद गरेकाबारे स्पष्टीकरण सोध्ने, अस्पताललाई दुई वर्षको कार्ययोजना बनाएर पेस गर्न लगाउने र सबै सङ्घीय अस्पतालको उपकरण परीक्षण गर्न उहाँको निर्देशन छ ।

# अनुसन्धानमा बाधा पुग्ने गरी दुष्प्रचार नगर्ने काउन्सिलको अपिल

काठमाडौँ, ५ जेठ (रासस) । प्रेस काउन्सिल नेपालले स्वतन्त्र अनुसन्धानलाई प्रभाव पार्ने गरी दुष्प्रचार नगर्न सञ्चारमाध्यम तथा सामाजिक सञ्जालका प्रयोगकर्तालाई आग्रह गरेको छ । बिहीबार एक विज्ञप्ति जारी गर्दै काउन्सिलले पछिल्लो घटनाक्रमका विषयमा कतिपय सञ्चारमाध्यम एवं सञ्चारमाध्यमको झल्को दिने गरी भ्रम फैलाउने सामाजिक सञ्जाल ( युट्युब/फेसबुकलगायत)बाट दुष्प्रचार भएको बताएको हो ।

काउन्सिलले यथेष्ट प्रमाणबिना र अपुष्ट स्रोत/बयानको हवाला दिई घटनासँग असम्बन्धित व्यक्ति, सङ्घसंस्था, राजनीतिक दल र नेताको चरित्रहत्या एवं मानहानी हुने गरी भएको दुष्प्रचारप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । "समाजमा भ्रम/अफवाह फैलाउने, अतिरञ्जित गर्ने, अनुसन्धान र न्यायिक निरुपणमा प्रभाव पार्ने किसिमबाट सत्य, तथ्य एवं सन्तुलन विमुख भई सामग्री सम्प्रेषण हुनु पत्रकारिताका मूल्य र मान्यताविपरीत कार्य हो", काउन्सिलका उपप्रशासकीय अधिकृत एवं सहप्रवक्ता रामशरण बोहराद्वारा जारी विज्ञप्तिमा भनिएको छ ।

सञ्चारमाध्यम र सामाजिक सञ्जालबाट सम्प्रेषित सामग्रीबारे उजुरी र गुनासा आउने क्रम बढेको भन्दै विज्ञप्तिमा पत्रकारिताको मूल्य, मान्यताविपरित र आचारसंहिता प्रतिकूलका कुनै पनि सामग्री सम्प्रेषण नगर्न/नगराउन भनिएको छ । पेसागत आचरणविपरीत, आधार प्रमाण पुष्टि नहुने, अनुसन्धान/छानबिनलगायत समग्र न्यायिक प्रक्रियामा गम्भीर असर पर्ने गरी सम्प्रेषित सामग्रीले पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन, २०७६)को दफा ४(३), ४(६) र ५(११) उल्लङ्घन हुन्छ । काउन्सिलले सञ्चारमाध्यमबाट सम्प्रेषित सामग्रीबारे नियमित अनुगमनका साथै प्राप्त उजुरी र जनगुनासाको सुनुवाइ गर्दै आएको छ ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# राष्ट्रपतिद्वारा संसद्मा सरकारको नीति तथा कार्यक्रम प्रस्तुत

काठमाडौं, ५ जेठ (रासस)।
सङ्घीय संसद्मा सरकारको आगामी आर्थिक वर्ष २०८०/८१ नीति तथा कार्यक्रम पेस भएको छ। राष्ट्रपति रामचन्द्र पौडेलले सङ्घीय संसद्का दुवै सदनको संयुक्त बैठकलाई शुक्रबार सम्बोधन गर्दै उक्त नीति तथा कार्यक्रम वाचन सुरु गर्नुभएको हो।

बैठकको प्रारम्भमा प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले सम्बोधनको प्रति राष्ट्रपतिलाई पेस गर्नुभएको थियो।

सङ्घीय संसद् भवन नयाँबानेश्वरमा अपराह्न ४ बजे सुरु भएको सदनको संयुक्त बैठकलाई राष्ट्रपति पौडेलले सम्बोधन गरिरहनुभएको छ। सङ्घीय संसद्को कुनै सदनको बैठक वा दुवै सदनको संयुक्त बैठकलाई राष्ट्रपतिले सम्बोधन गर्ने र त्यसका लागि सदस्यको उपस्थिति आह्वान गर्नसक्ने संवैधानिक व्यवस्था छ।

राष्ट्रपतिमा निर्वाचित भएपछि सङ्घीय संसद्मा राष्ट्रपति पौडेलको यो पहिलो सम्बोधन हो। संसदीय लोकतान्त्रिक शासन प्रणाली अभ्यास गरेका मुलुकमा सरकारको वार्षिक नीति तथा कार्यक्रम सङ्घीय संसद्मा प्रस्तुत हुने र त्यसमाथि छलफल भई पारित गर्ने अभ्यास रही आएको छ।

सरकारको नीति तथा कार्यक्रम प्रस्तुतिको अवलोकनका लागि उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’, कायममुकायम प्रधानन्यायाधीश हरिकृष्ण कार्की संसद् भवन आउनुभएको छ। सभामुख देवराज घिमिरेको अध्यक्षतामा बसेको बैठकमा राष्ट्रियसभा अध्यक्ष गणेशप्रसाद तिमिल्सिना साथमा हुनुहुन्छ।

राष्ट्रपतिको सम्बोधन समारोहमा राजनीतिक दलका नेता, संवैधानिक निकायका प्रमुख एवं प्रतिनिधि, सरकारका उच्चपदस्थ अधिकृत, नेपालस्थित कूटनीतिक नियोगका प्रमुख तथा समाजका विभिन्न क्षेत्रका विशिष्ट महानुभाव सहभागी हुनुहुन्छ ।

यसअघि राष्ट्रपति पौडेललाई संसद् भवनमा सभामुख, राष्ट्रियसभाका अध्यक्ष, उपसभामुख र कानुन, न्याय तथा संसदीय मामिलामन्त्रीले स्वागत गर्नुभएको थियो भने नेपाली सेनाको एक टुकडीले सलामी अर्पण गरेको थियो। उहाँ संसद् भवनको मूलद्वारबाट औपचारिक कार्यक्रममा सहभागी हुँदा प्रयोग हुने ‘कारगेड’सहित कार्यक्रममा सरिक हुनुभयो।

बैठकपछि शुक्रबारै प्रतिनिधिसभा र राष्ट्रियसभाका बेग्लाबेग्लै बैठक बस्नेछन्। प्रधानमन्त्री प्रचण्डले संसद्को दुवै सदनको संयुक्त बैठकलाई राष्ट्रपति पौडेलले गर्नुभएको सम्बोधनको प्रति ती बैठकमा टेबुल गर्नुहुनेछ।

प्रतिनिधिसभामा सभामुख घिमिरेले र राष्ट्रियसभा अध्यक्ष तिमिल्सिनाले राष्ट्रपतिबाट भएको सम्बोधनका लागि धन्यवाद ज्ञापनसम्बन्धी प्रस्ताव सभासमक्ष प्रस्तुत गर्नुहुने सम्भावित कार्यसूची छ।

सरकारले शुक्रबार पेस गर्ने नीति तथा कार्यक्रममाथि प्रतिनिधिसभा र राष्ट्रियसभामा आइतबारदेखि लगातार केही दिन छलफल हुनेछ। छलफलमा उठेको प्रश्नको प्रधानमन्त्रीले जवाफ दिनुहुने छ। नीति तथा कार्यक्रम पारित भएपछि प्रत्येक वर्ष जेठ १५ गते अर्थमन्त्रीले सदनसमक्ष आगामी आर्थिक वर्षको वार्षिक बजेट प्रस्तुत हुने संवैधानिक व्यवस्था छ।

# वैदेशिक रोजगारीको प्रलोभन देखाएर ७६ करोड ठगी

काठमाडौं, ५ जेठ (रासस)।
वैदेशिक रोजगारीको प्रलोभन देखाएर चालु आर्थिक वर्षको १० महिनामा गैरकानूनी बिचौलिया र एजेन्टहरूले झण्डै रु ७६ करोड ठगी गरेको पाइएको छ। वैदेशिक रोजगार विभागमा चालु आवको साउनदेखि वैशाखसम्म दर्ता भएका नौ सय २५ उजुरीमा रु ७५ करोड ७७ लाख ४१ हजार २१४ ठगी रकम दाबी गरिएको विभागले जनाएको छ।

यो रकम दाबी वैदेशिक रोजगारीमा श्रमिक पठाउन अनुमति नै नपाएका गैरकानूनी एजेन्ट र बिचौलियाबाट भएको ठगीको जनाइएको छ। वैदेशिक रोजगारीमा श्रमिक पठाउनकै लागि विभागसँग अनुमति लिएका म्यानपावर कम्पनीबाहेक अन्य कोही पनि एजेन्टले रोजगारीका लागि श्रमिक पठाउन नपाउने सरकारी नियम भएपनि सरकारको नियमविपरीत एजेन्ट र बिचौलियाबाट हुने ठगीका उजुरी भने वर्सेनि बढ्न थालेको विभागका निर्देशक तथा सूचना अधिकारी गुरुदत्त सुवेदीले जानकारी दिनुभयो।

उहाँका अनुसार अघिल्लो वर्षको तुलना चालु आवमा ठगी भएका उजुरीहरू बढेका छन्। विभागका अनुसार पछिल्लो केही समययता वैदेशिक रोजगारीमा श्रमिक पठाउन इजाजत नै नलिएका व्यक्तिहरूबाट भएको ठगीको उजुरी महिनामै सयभन्दा बढी पर्न थालेका छन्। विभागले गएको वैशाख महिनामा मात्रै एजेन्ट र बिचौलियाबाट भएको ठगीको एक सय चार वटा उजुरी परेको जानकारी दिएको छ। चालु आवको १० महिनामा एजेन्ट र बिचौलियाबाट भएको नौ सय २५ वटा ठगीको उजुरी विभागमा दर्ता भएका बताइएको छ।

विभागको तत्थ्याङ्कअनुसार गएको आर्थिक वर्षमा एजेन्टहरूअस्बाट ठगी भएको छ सय ९५ उजुरी विभागमा परेको थियो। ती उजुरी उपर रु ५० करोड ४४ लाख ६१ हजार २०३ रकम दाबी गरिएको थियो ।विभागका अनुसार अघिल्लो आर्थिक वर्ष २०७८/०७९ देखि अहिलेसम्म एजेन्ट र बिचौलियाबाट रु एक अर्ब २६ करोड २२ लाख दुई हजार चार सय १७ठगी भएको छ। विभागमा परेको एक हजार छ सय २० उजुरी उपर यो रकम दाबी गरिएको हो। चालु आर्थिक वर्षको दश महिनामा परेका नौ सय २५ उजुरीमध्ये ७७ वटा मुद्दा अदालतमा दायर गरिएको छ भने एक सय ७६ बिचौलियालाई प्रहरीले पक्राउ गरेको छ।

यसैगरी विभागकै रोहबरमा एक सय ३५ जनाले मिलापत्र गरेका छन्। मिलापत्रमार्फत एजेन्टहरूलेरु नौ करोड ४३ लाख ५६ हजार एक सय फिर्ता गरेका जनाइएको छ। गैरकानूनी एजेन्ट र बिचौलियामार्फत भएको ठगीको उजुरी उपर विभागले अनुसन्धान गर्ने, प्रमाण जुटाएर अदालतमा मुद्दा दायर र मिल्छु भन्नेहरूलाई मिलापत्र गराउने गरेको वभागका निर्देशक तथा सूचना अधिकारी सुवेदीले जानकारी दिनुभयो।

# कर तिर्न जाँदा कमिसन दिनुपर्ने अवस्थाको अन्त्य कहिले ?

काठमाडौं, ५ जेठ (रासस)।
सार्वजनिक लेखा समितिका सदस्यले महालेखा परीक्षकसँग बेरुजुको मुख्य कारणबारे जानकारी माग गर्दै कर तिर्न जाँदा कमिसन दिनुपर्ने अवस्था केहीले अन्त्य हुन्छ भनी जिज्ञासा राख्नुभएको छ।

वित्तीय जवाफदेहिता, आर्थिक अनुशासन र बेरुजुको विद्यमान अवस्थाबारे छलफल गर्न शुक्रबार यहाँ आयोजित समितिको बैठकमा सदस्यहरूले अडिटर आउँदा गलत गर्ने व्यक्ति डराउनुपर्नेमा अडिटर नै फर्किनु पर्ने अवस्थाले आर्थिक अनुशासनहीनता बढाएको बताउनुभयो।

बेरुजु भएको मन्त्रालयका प्रशासक कसरी सक्षम भएर अन्य नियुक्ति वा अवसर प्राप्त गर्न सक्छ भन्ने प्रश्न गर्दै उहाँहरूले मोबाइल बैंकिङ तथा एटिएमका आधारमा भुक्तानी गर्ने प्रद्धतिलाई आत्मसात् गरिए केही हदसम्म अनियमितता रोकिने धारणा व्यक्त गर्नुभएको थियो।

मुलुक बिचौलियको प्रभावबाट आक्रान्त रहेकाले अनियमितताका घटना बढेको बताउँदै सदस्यहरूले समयमै बेरुजु फछ्र्योट हुन नसके कसरी असुलउपर हुन्छ भनी जिज्ञासा राख्नुभयो।

सो अवसरमा महालेखा परीक्षक टङ्कमणि शर्माले सङ्घ, प्रदेश र स्थानीय तहमा गरी कूल बेरुजु रू एक खर्ब १९ अर्ब ७७ करोड रहेको जानकारी दिनुभयो। उहाँले भन्नुभयो, “सङ्घको ५६ अर्ब, प्रदेशको सात अर्ब र स्थानीय तहको ४३ अर्ब बेरुजु देखिएको छ। सङ्घीय, प्रदेश, स्थानीय तह, सङ्गठित संस्था, समिति तथा अन्य संस्था समेतको रू ८५ खर्ब बराबरको रकम ‘स्अडिट’ गर्दा बेरुजु भएको पाइएको हो।”

नियमनकारी निकाय प्रभावकारी नभएका कारण खर्च पारदर्शी नभइ बेरुजु बढ्न गएको बताउँदै महालेखा परीक्षक शर्माले महालेखा परीक्षकको कार्यालयले दिएको प्रतिवेदन संसद् र संसदीय समितिमा छलफल गरी दिइएका सुझाव कार्यान्वयन गरिए मात्रै पनि केही हदसम्म सुधार आउने बताउनुभयो। “नियमनकारी निकाय र प्रणाली फितलो भएका कारण बेरुजु बढ्न गएको हो, जेका लागि रकम लिइएको हो, त्यसमा खर्च नगरी घरजग्गालगायत उत्पादनभन्दा बाहिरी क्षेत्रमा चासो बढी दिइएकाले अहिलेको सङ्कट देखिएको छ”, महालेखा परीक्षक शर्माले भन्नुभयो।

प्रदेश र स्थानीय तहमा एउटै आयोजनामा बजेट दोहोरिने, थपिने र खण्टिने प्रवृत्तिले लागत बढेको उहाँको भनाइ थियो। कतिपय राष्ट्रिय गौरवका आयोजनाको समेत अझै पनि लागत र समय यकिन हुन नसकेको महालेखा परीक्षक शर्माले बताउनुभयो।

## विश्व समाचार

### अमेरिकी प्रतिबन्धले महिला अधिकारमाथि असर

काराकस, ५ जेठ, (रासस-सिन्ह्वा)।
भेनेजुएला विरुद्ध अमेरिकी प्रतिबन्धले महिला अधिकारलाई कमजोर बनाउँदै लगेको भेनेजुएलाका एक अधिकारीले संयुक्त राष्ट्रसंघको बैठकमा बिहीबार उल्लेख गर्नु भएको छ।

संयुक्त राज्य अमेरिकाको एकपक्षीय जबरजस्ती कदमहरूले “पीडित महिलाहरूको जीवन र अधिकारमा प्रत्यक्ष प्रभाव पार्छ,” भेनेजुएलाका महिला तथा लैङ्गिक समानताका लागि जनशक्ति मन्त्री दिवा गुजमानले संयुक्त राष्ट्र संघ समितिको ८५ औं सत्रलाई सम्बोधन गर्दै भन्नु भएको छ।

स्विट्जरल्याण्डको जेनेभामा आयोजित महिला विरुद्धको भेदभाव उन्मूलन सम्बन्धी कार्यक्रममा उहाँले प्रतिबन्धहरूले लैङ्गिक समानतालाई प्रवर्द्धन गर्न नीतिहरू विकास गर्न र कार्यान्वयन गर्न “कठिन” बनाउँने र सार्वभौमसत्ता, आत्म-निर्णय, गैर-हस्तक्षेप, र विश्वव्यापी र अविभाज्य ग्यारेन्टी“ को उल्लङ्घन गर्ने भन्दै “नव-औपनिवेशिकताको औजार“ को रूपमा यो आएको भन्दै निन्दा गर्नु भएको छ।

भेनेजुएलाका सरकारी संस्थाहरूले महिलाहरूको “सक्रिय सहभागिता“ लाई “लोकतान्त्रिक मूल्यमान्यता“ को प्रवर्द्धन गरेको छ, गुजम्यानले महिला विरुद्ध भेदभाव हटाउन संयुक्त राष्ट्र महासन्धिको कार्यान्वयनको अनुगमन गर्ने स्वतन्त्र विज्ञहरूबाट बनेको समिति बीच सो धारण व्यक्त गर्नु भएको छ।

### म्यान्मामा मोचा चक्रवातबाट मृत्यु हुनेको संख्या १४५ पुग्यो

याङगुन, ५ जेठ, (रासस-एएफपी)।
म्यान्मामा चक्रवात मोचाबाट मृत्यु हुनेको सङ्ख्या १४५ पुगेको छ। सत्तारूढ सैनिक अधिकारीहरूले जारी गरेको विज्ञप्तिमा सो बारे जानकारी दिइएको छ। विज्ञप्तिमा भनिएको छ- “एक दशकभन्दा बढी समय म्यान्मा र बङ्गलादेशमा आएको सबैभन्दा शक्तिशाली आँधी चक्रवातमा १४५ जनाको मृत्यु भएको हो।”

### पाकिस्तानको पेशावरमा बम विस्फोटः एक जनाको मृत्यु, तीन जना घाइते

पेशावर, ५ जेठ, (रासस-एएनआई)।
पेशावरमा मोटरसाइकलमा राखिएको बम विस्फोटमा कम्तीमा एक जनाको मृत्यु हुनाका साथै अन्य तीन जना घाइते भएका छन्। प्रदेश राजधानीमा बुधबार मोटरसाइकल मर्मत गर्ने क्रममा बम विस्फोट भएको हो। पेशावर पाकिस्तानको छैटौं ठूलो शहर र खैबर पख्तुनख्वाको राजधानी पनि हो।

“मोटरसाइकलमा राखिएको बम विस्फोट भएको हो। विस्फोटको प्रकृति बारे जानकारी सङ्कलन गर्दैछौं। प्रारम्भिक रिपोर्टले मोटरसाइकल मर्मत गर्ने क्रममा विस्फोट भएको हुन सक्ने देखिन्छ,” प्रहरी अधिकारीहरूले बताएका छन्। सो घटना पेशावर शहरको रिङ रोडमा रहेको एउटा होटल नजिक भएको हो।

प्रहरीका अनुसार घाइते तीनमध्ये एकजना मोटरसाइकल चालक हुन्। अर्को घाइते एकजनाको अवस्था गम्भीर छ। विस्फोटको अनुसन्धान भइरहेको छ।

### ‘म्यान्माका आठ लाख आँधीपीडितलाई आपत्कालीन सहयोग आवश्यक’

जेनेभा, ५ जेठ (रासस/एएफपी)।
द्वन्द्वग्रस्त म्यान्मामा यो साताको प्रारम्भमा आएको मोचा आँधीबाट ठूलो जनसङ्ख्या प्रभावित भएको छ। म्यान्माका आठ लाखभन्दा बढी नागरिकलाई आपत्कालीन खाद्यान्नका साथै अन्य मानवीय सहायता आवश्यकत परेको संयुक्त राष्ट्रसङ्घले बताएको छ।

एशिया-प्रशान्त क्षेत्रका लागि राष्ट्रसङ्घीय विश्व खाद्य कार्यक्रम (डब्ल्युएफपी)का उपक्षेत्रीय निर्देशक एन्थिया वेबले शुक्रबार पत्रकारहरूसँगको कुराकानीमा म्यान्माको रखाइन राज्य आँधीबाट तहसनहस भएको, अधिकांश घरका छाना उडेका, रुखबिरुवा जरैसँग उखेलिएका, सडक, विद्यालय, अस्पताल, दूरसञ्चाल तथा बिजुलीका लाइन ध्वस्त भएका बताइन्। उनले तत्काल आठ लाख म्यान्माका जनतालाई मानवीय सहायता आवश्यक परेको भन्दै सहायताका निम्ति अन्तरराष्ट्रिय समुदायसमक्ष अपिल गरेकी छन्।

# बटसाबित्री पर्व मनाइए



**दैनिक समाचारदाता**
**राजविराज, ५ जेठ ।**

श्रीमानको दिर्घजीवन तथा सुस्वास्थ्यको कामना गर्दै नवविवाहित युवतीदेखी बृद्धासम्मले शुक्रबार बटसावित्री पर्व श्रद्धापूर्वक मनाएका छन् ।

बिहानैदेखि यो पर्व मनाउनेको सदरमुकाम राजविराजस्थित भगवती मन्दिर तथा नगरका आसपासका वरको रुखमूनी घुँइचो लागेको थियो ।

ब्रतालु महिलाले मन्दिर, घर र नजिकको बर रुखलाई रातो र पहेलो धागोले बेरेर स-विधी पूजापाठ गरि रुखलाई ढोकेर अशिर्वाद लिए । प्रत्येक वर्ष जेठ औंसीको दिन मनाइने यो पर्व आफ्ना श्रीमानको दिर्घजिवनका लागि मनाउने गरिन्छ ।

बरको रुखलाई मैथलीमा वर अर्थात दुताहा पनि भनिन्छ । मिथिला संस्कृतीमा श्रीमानलाई देउताका रुपमा पूजा गर्ने परम्परा पुरानो हो । त्यही मान्यता अनुसार वर्षको एक दिन श्रीमानको सम्मान वरको रुखले पाउछ । धर्मशास्त्रमा सावित्रिले आफ्नो मृत पति सत्यवानको पुर्नजिवनका लागि वरकै रुखको पूजा गरेकी थिइन् । पूजापछि सत्यावनले पुर्नजिवन प्राप्त गरेको पौराणिक मान्यता छ । त्यही मान्यता र विश्वासलाई मिथिलाका महिलाहरुले पालना गर्दै प्रत्येक वर्ष औंसीका दिन बट सावित्रि पर्व श्रद्धापूर्वक मनाउँदै आएका छन् ।

यता वट सावित्री पर्वको अवसर पारेर जिल्लाको तिरहुत गाउँपालिकाले मातहतका सामुदायिक विद्यालयहरुमा शुक्रवार सार्वजनिक विदा दिएको छ ।

शिक्षा शाखा प्रमुख धनेश्वर यादवद्वारा हस्ताक्षरित सुचनामा बट सावित्री पर्व मनाउन मातहतका सम्पुर्ण सामुदायिक विद्यालयलाई एक दिने सार्वजनिक विदा दिएको उल्लेख छ ।

# समितिको पहिलो बैठक सम्पन्न

**दैनिक समाचारदाता**
**जनकपुर, ५ जेठ ।**

मधेश प्रदेशको समाजिक विकास मन्त्रालयले दलित सशक्तीकरण नियामावली २०७८ संसोधन गर्न बनेको समितिको पहिलो बैठकमा शुक्रबार सम्पन्न भएको छ ।

दलित विकास समितिको कार्यालयमा दलित सशक्तीकरण नियामावली २०७८ मा रहेको सदस्यहरुको काम, कर्तव्य अधिकारसहित सेवासुबिधा लगायत अन्य विषयहरु परिमार्जनको लागि बिहीबार समाजिक विकास मन्त्रालयले भोला पासवानको संयोजकत्वमा ५ सदस्य समिति गठन गरेको थियो ।

समितिका सदस्यहरुमा पूर्व प्रदेश सांसद चमेलीदेवी दास,चन्देश्वर दास,रामो महरा र चन्देश्वर पासवान रहेका छन् ।



सुझाव समितिको संयोजक भोला पासवानको अध्यक्षतामा बसेको पहिलो बैठकले दलित सशक्तिकरण ऐन २०७६ र दलित सशक्तीकरण नियामावली २०७८ मा अध्ययन गरि शनिबार पुन :बैठक बसेर नियामावली परिमार्जनको ड्राफट तयार गर्ने र दलित अगुवा र कानून व्यवसायसँग छलफल गर्ने निर्णय गरेको समितिका सदस्य रामो महराले बताए ।

सुझाव पेश गर्न समितिलाई ५ दिनको समय दिइएको छ । समितिका संयोजक भोला पासवानले नियामावली परिमार्जन गर्न समय सिमा कम भएकोले समाजिक संजालबाट समेत सुझाव दिन आग्रह गरेका छन् ।

बैठकमा दलित विकास समितिका उपाध्यक्ष रामप्रवेश बैठा,सदस्य राजकुमार दास र श्याम सरदारले समितिका संयोजक र सदस्यहरुलाई खादा, समितिको डायरी र क्यालेण्डरसहित सम्मान गरेका थिए ।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**राजगढ गाउँपालिका, सप्तरी**



**डा. कालीप्रसाद यादव**
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**
**डा. रिपला आचार्य**
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
**डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी**
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
**हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७**



➢ मानो रोपौं, मुरी फलाऔं,
➢ खेतीयोग्य जमिन बाँझो नछोडौं,
➢ पसिना बगाऔं, समुन्नत बनौं,
➢ आफू र देशलाई परनिर्भरताबाट बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु →
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
PRABHU Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*